# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०५/११**

मुसिकोट नगरपालिका/जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, रुकुम (पश्चिम भाग) बाट सञ्चालित वारीखोला हरले नयाँ गाउँ खानेपानी तथा सरसफाइ योजना र होल लिफ्ट खानेपानी तथा सरसफाइ योजनाहरुका लागि परियोजनाको खरिद निर्देशिका बमोजिम लिफ्ट योजना निर्माणमा प्रयोग हुने सोलार तथा इलेक्ट्रो-मेकानिकल सामग्रीहरु (पम्प, सोलार प्यानल, कन्ट्रोलर, तार, जि.आइ. पाइप, फिटीङ्गस् तथा औजारहरू आदि) खरिद तथा जडान गर्नुपर्ने भएकोले इच्छुक तथा योग्य आपूर्तिकर्ता/कम्पनी/फर्महरुबाट प्रस्ताव पेश गर्नका लागि संयुक्त खरिद समितिले खुला दरभाउपत्र आह्वान गर्दछ । तसर्त, देहायका सर्तहरुको अधिनमा रही संलग्न दरभाउपत्र फाराममा प्रदान गरिएको परिमाण तथा तोकिएको स्पेशीफिकेशन, गुणस्तर र तौल अनुसार सामग्री आपूर्ति गर्न इच्छुक भ्याटमा दर्ता भएका तथा सम्बन्धित क्षेत्रमा कार्य अनुभव प्राप्त सप्लायर वा कम्पनी वा फर्महरुबाट सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

**शर्तहरुः**

- विभिन्न आवश्यक सोलार, विधुतीय तथा इलेक्ट्रो-मेकानिकल सामग्रीहरु (पम्प, सोलार प्यानल, कन्ट्रोलर, तार, जि.आइ. पाइप, फिटीङ्गस् तथा औजारहरू आदि) खरिद तथा जडान कार्य सम्बन्धी दरभाउपत्र फारम सम्बन्धित मुसिकोट नगरपालिकाको कार्यालयवाट वा मुसिकोट नगरपालिकाको वेव साईट https://musikotmunrukum.gov.np वा लक परियोजनाको आधिकारिक वेब साइट www.laccp.org.np बाट प्राप्त गर्न सकिनेछ ।

- सिलबन्दी दरभाउपत्र पेश गर्दा तोकिएको फारम र बिभिन्न आवश्यक सोलार, विधुतीय तथा इलेक्ट्रो-मेकानिकल सामग्रीहरु (पम्प, सोलार प्यानल, कन्ट्रोलर, तार, जि.आइ. पाइप, फिटीङ्गस् तथा औजारहरू आदि) खरिद तथा जडान कार्य सम्बन्धि दरभाउपत्र फारम प्रति फारम रु.३०००।— (अक्षरुपी तीन हजार मात्र ) पछी फिर्ता नहुने गरी सुचना प्रकाशन भएको ७ औ दिन भित्र मुसिकोट नगरपालिकाको नेपाल बैंक लिमिटेड,रुकुम पश्चिम,मुसिकोट शाखामा रहेको मुसिकोट नगरपालिकाको आन्तरिक राजस्व खाता नं. ०७७०३००००१००१००००१ (राजश्व शिर्षकः१४२२९) मा जम्मा गरेको सुत्र अनलाइन **भौचर सक्कलै सहित फर्म/सप्लायरको लिखित निवेदनको साथमा फर्म/सप्लायर दर्ता नवीकरण प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, यस आ.व.को कर चुक्ताको प्रमाणपत्र तथा कार्य अनुभवको प्रमाणपत्र सहित संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ८ औं (आठौ) (२०८३/०५/१८) दिनको १२:०० बजे भित्र** मुसिकोट नगरपालिकाको कार्यालयमा वा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना,परियोजना सहयोग एकाइ,विरेन्द्रनगर, सुर्खेत वा विकास व्यवस्थापन संस्था (DMI Pvt.Ltd) प्रा.लि. शान्तिनगर-११,काठामाडौंमा पेश गरि सक्नु पर्नेछ। दरभाउपत्र फारम सिलबन्दी गरी सम्बन्धित उपभोक्ता समितिको नाम, ठेगाना र सोलार, विधुतीय तथा इलेक्ट्रो-मेकानिकल सामग्रीहरु (पम्प, सोलार प्यानल, कन्ट्रोल, तार, जि.आइ. पाइप, फिटीङ्गस् तथा औजारहरू आदि) सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा उल्लेख गर्नुपर्नेछ।

- सिलवन्दी दरभाउ पत्र पेश गर्दा

- सप्लायरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ ।
- हुलाक वा कुरियर मार्फत पठाएको सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले ८ औं (आठौं) दिनको दिउसो १२:०० वजे भित्र प्राप्त भईसक्नु पर्नेछ ।

- सप्लाई हुने सामग्रीहरूको रकम भुक्तानी उपभोक्ता समितिहरुले नयाँगाउँ बर्मा थान र होलमा ढुवानी तथा जडान भै प्राबिधिक चेक जाँच भएपछि मात्र गर्नेछन । यसैले सिलबन्दी दरभाउपत्र सम्बन्धि धरौटी तथा बैक जमानतको आवश्यकता पर्ने छैन।
- उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरू संकलन गरी यो सूचना प्रकाशित भएको मितिले १४ औं (चौधौ) (२०८३/०५/२४ ) दिनमा मुसिकोट नगरपालिकाको कार्यालयमा दिनको १२:०० बजे उपभोक्ता समितिका खरिद समितिका प्रतिनिधिहरू, नगरपालिका कार्यालयका प्रतिनिधिहरू, जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना प्रतिनिधि र दरभाउपत्र दाताहरू वा निजहरूको प्रतिनिधिको रोहवरमा खोलिनेछ। दरभाउपत्र दाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
- दरभाउपत्र दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समय भित्र दर्ता गरिने वा खोलिनेछ ।
- दरभाउपत्रमा दररेट लेख्दा अंक र अक्षर दुबैमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । अंक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ । साथै डिजाइन वा इस्टिमेटमा केहि फरक पर्ने देखिएको खण्ड मा उक्त कुरा दरभाउ पत्रमा उल्लेख गर्नु पर्ने छ ।
- दरभाउपत्र फारममा तोकिएका लेख्ने स्थानहरू बाहेक, अन्यत्र कुनै पनि थप नोट, संकेत तथा कुनै जानकारी लेख्न पाइने छैन।
- म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।
- दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरूमा सुरक्षित रहनेछ।
- अन्य शर्तहरू परियोजनाको खरिद कार्यविधि २०८२ वमोजिम हुनेछ । थप शर्तहरू दरभाउपत्र साथै संलग्न गरिएको छ ।
- यो सूचनामा केहि संशोधन गर्नु परेमा सोको सूचना नगरपालिकाको सूचना पाटीमा तथा माथि उल्लेखित वेभसाईटमा जानकारी गराइनेछ ।
- अन्य थप जानकारी चाहिएमा मुसिकोट नगरपालिका वा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना,कलष्टर प्राबिधिक सहयोग एकाई,खलंगा,सल्यानमा सम्पर्क गर्न सकिनेछ ।

खरिद समिति संयोजक

- वारीखोला हारले नयाँ गाउँ खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, मुसिकोट-१२, रुकुम (पश्चिम भाग)
- होल लिफ्ट खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, मुसिकोट-९, रुकुम (पश्चिम भाग